किशोरकिशोरीको समग्र विकासका लागि

किशोर किशोरी भए दक्ष, बन्छ देशको भविष्य

# रूपान्तरण

## सहजकर्ता तालिम पुस्तिका

खण्ड ३

# अधिकार र कर्तव्य



# प्राक्कथन

नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका लागि उनीहरूको अधिकार र विकाससँग सम्बन्धित सवालहरूलाई आफ्ना नीति, योजना तथा कार्यक्रमहरूमा एकीकृत रुपमा समायोजन गर्दै विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने पहल गरेको छ ।

किशोरावस्थामा आउने विभिन्न शारीरिक, मानसिक, बौद्धिक र सामाजिक परिवर्तनहरूलाई बुझ्न नसक्दा र यस्ता परिवर्तनहरूमा अभिभावकहरूको उचित साथ र सहयोग नपाउँदा किशोरकिशोरीले विभिन्न जोखिमपूर्ण र संवेदनशील परिस्थितिको सामना गर्न बाध्य हुनुपर्दछ । अर्कातिर, समाजमा विद्यमान गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाइले किशोरकिशोरीको समग्र विकासमा असर पुऱ्याएको पाइन्छ । यिनै चुनौतीहरूलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरूलाई सम्बोधन गर्दै उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि "किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५" तयार गरी, सो कार्ययोजनाको कार्यान्वयन अगाडि बढाएको छ । उक्त कार्ययोजनामा समावेश गरिएका विभिन्न सवालहरूमा किशोरकिशोरीको ज्ञान र सिप अभिवृद्धि गर्ने उद्देश्य अनुरुप "रूपान्तरण" तालिम पुस्तिका तयार गरिएको हो ।

यस तालिम पुस्तिकामा स्वस्थ र सुरक्षित वातावरण, शिक्षा र सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता र सहभागिता, लैङ्गिक समता र सामाजिक समावेशीकरण जस्ता कार्ययोजनाले महत्त्वपूर्ण ठानेका सवालहरूलाई समावेश गरिएको छ । १०-१४ बर्ष र १५-१९ वर्षका किशोरकिशोरीमा आउने फरक परिवर्तनहरूलाई ध्यान दिँदै तालिमका सत्र तथा मुख्य सन्देशहरू तयार गरिएका छन् । त्यसैगरी किशोरकिशोरीको विकासका लागि समुचित वातावरण तयार गर्न अभिभावकहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अभिभावकहरूका लागि पनि छुट्टै तालिम पुस्तिका तयार गरिएको छ ।

"रूपान्तरण"ले किशोरकिशोरीको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा सहित यसलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा अंशको रुपमा लिइएको छ ।

तालिम पुस्तिका तयारीका क्रममा किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाले पहिचान गरेका सवालहरूलाई आत्मसात् गर्दै उनीहरूको विकासका लागि तयार गरिएका विभिन्न स्रोत सामग्रीहरू, तालिम निर्देशिकाहरू, प्रतिवेदन आदिको सङ्कलन, अध्ययन तथा विश्लेषण गरिएको थियो । किशोरकिशोरीका सवालहरू, अपेक्षाहरू र उनीहरूले रुचाउने सिकाइ विधिहरूको पहिचानका लागि अछाम, सप्तरी र दोलखाका किशोरकिशोरी तथा सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । बिषयगत प्राविधिक विशेषज्ञहरूसँग सल्लाह तथा सुझाव लिइएको थियो । यसरी तयार गरिएको तालिम पुस्तिकाको खाकालाई अछाम र सप्तरी जिल्लाका किशोरकिशोरी र अभिभावकहरूसँग पूर्व परीक्षण गरी अन्तिम रुप दिइएको थियो ।

"रूपान्तरण" तालिम पुस्तिका तयारीका लागि अग्रसरता देखाउने सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, आर्थिक तथा भौतिक सहयोग गर्ने संयुक्त राष्ट्र बाल कोष (UNICEF) तथा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA), तालिम पुस्तिका तयारी गर्ने संस्थाहरू रेस्टलेस डेभलपमेन्ट, सिविन नेपाल र रिन्युएबल वर्ल्ड, तालिम पुस्तिकालाई अछाम र सप्तरीका किशोरकिशोरी र अभिभावक बिचमा पूर्व परीक्षण गरी महत्त्वपूर्ण सुझावहरू सङ्कलन गर्ने सम्झौता नेपाल र वाइ पियर नेपाल प्रति नेपाल सरकार आभार प्रकट गर्दछ । तालिम पुस्तिका तयार गर्ने क्रममा सेभ द चिल्ड्रेन नेपालले दिएको सल्लाह र सुझाव तथा यस पुस्तिकाको पूर्व परीक्षणका लागि गरेको महत्त्वपूर्ण सहयोग सराहनीय छ ।

त्यस्तै यो तालिम पुस्तिका लेखन तथा सम्पादनमा संलग्न व्यक्तित्वहरू, निर्माणका क्रममा सरसल्लाह तथा सुझाव दिनुहुने संस्थाहरू, किशोरकिशोरीहरू, शिक्षक तथा अभिभावकहरू धन्यबादका पात्र हुनुहुन्छ ।

तालिम पुस्तिकाको प्रभावकारी कार्यान्वयनले किशोरकिशोरीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा, नेपाल सरकार यस पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरकारी र स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू र नागरिक समाजसँग हार्दिक आग्रह गर्दछ ।

धन्यवाद ।

**चुडामणि पौडेल**
सह सचिव,
युवा तथा खेलकुद मन्त्रालय

**कृष्ण प्रसाद पौड्याल**
महानिर्देशक
महिला तथा बालबालिका विभाग

## परिचयः

यस सत्रमा खेल विधि मार्फत् बाल अधिकारलाई सजिलोसँग बुझाउन खोजिएको छ । खेल मार्फत् बालबालिकालाई आवश्यकता र चाहनाबिचको फरक छुट्याउन र आफ्ना अधिकार तथा कर्तव्यका बारेमा  बुझ्न सहयोग पुग्नेछ । यस सत्रमा बालबालिकाको अधिकार हनन् भएको अवस्थामा उनीहरूले अधिकार प्राप्तिका विकल्पहरूको खोजी गर्ने विभिन्न तरिकाहरूका बारेमा सिक्नेछन् । अपाङ्गता भएका बालबालिकाहरूको अधिकार अन्यको अधिकार भन्दा अझ महत्त्वपूर्ण हुने भएकाले त्यस्ता बालबालिका तथा किशोरकिशोरी प्रति  बढी सम्वेदनशील र समभाव राख्न सिकाउने क्रियाकलाप पनि समावेश गरिएको छ । किशोरकिशोरीले आफ्नो चाहना र आवश्यकताबिच फरक छुट्याउन सकेनन् भने उनीहरूलाई आफ्नो अधिकार के हो भन्ने कुरा थाहा पाउन कठिन हुन्छ । यस भागमा बालबालिकाका आधारभूत आवश्यकता नै बाल अधिकार हुन् भनी बुझाउनुका साथै ती अधिकारको प्रयोग गर्दा आफ्नो दायित्व पनि सँगसँगै पूरा गर्न प्रेरित गरिएको छ । आफ्नो अधिकारको प्रयोग गर्न र दायित्व पूरा गर्न उनीहरूको व्यवहार परिवर्तन गर्न आवश्यक ठानिएको छ ।

# सत्र ३ अधिकार र कर्तव्य

### उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- चाहना र आवश्यकताको अर्थ थाहा पाउनेछन् र यी दुई बिचको फरक छुट्याउन सक्नेछन् ।
- सहभागीहरूले आफ्नो अधिकार र कर्तव्यको बारेमा दुई दुईवटा उदाहरण दिन सक्नेछन् ।
- अधिकार र कर्तव्यबिच फरक छुट्याउन सक्नेछन् ।
- आफ्नो अधिकार प्राप्त गर्न विकल्पको खोजी गर्न र बाल अधिकारबारे अरूलाई बुझाउन सक्नेछन् ।

### समयः

४ घण्टा

### आवश्यक सामग्रीहरूः

- आवश्यकता र चाहना उल्लेख गरिएका २० वटा कार्डहरू (चित्र नं. ३.१: कापी कलम, मोबाईल, साइकल आदिको चित्र भएको सामग्री राख्ने)
- बालअधिकारका नाराहरू लेखिएको चित्र (चित्र न. ३.३ प्रत्येक समूहलाई उपलब्ध गराउने ।)
- रुमाल (आँखा बाँध्न, हात बाँध्न, खुट्टा बाँध्न र मुख छोप्न)
- कापी, कलम, फ्लिप चार्ट र मार्कर

### विधि :

- भूमिका अभिनय
- चाहना र आवश्यकता कार्ड खेल
- सही र झुटो बाल अधिकार पत्ता लगाउने खेल
- आँखा बन्द गर्ने खेल

५ मिनेट

## अघिल्लो सत्रको पुनरावलोकन

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप १.१ :
# चाहना र आवश्यकताको पहिचान

२० मिनेट

**उद्देश्य :** यस सत्रको अन्त्यमा सहभागीहरूले :
चाहना र आवश्यकताको अर्थ बताउन सक्नेछन् ।

**विधि :** भूमिका अभिनय



१) सहभागीहरूमध्येबाट दुईजना (एकजना किशोर र एक जना किशोरी) लाई स्वयंसेवकका रूपमा बोलाउने । ती दुईमध्ये किशोरीलाई दिदीको र किशोरलाई भाइको भूमिका निर्वाह गर्न लगाउने :

**भूमिका :**

**भाइ :** दिदी, मलाई त जिन्स पाइन्ट किन्न मन छ । आजकल जसले पनि जिन्स पाइन्ट नै लगाउने गर्छन् ।

**दिदी :** भाइ, तिमीसँग स्कुल जाँदा लगाउने बाहेक अरू धेरैवटा पाइन्ट छन् । तिमीलाई जिन्स पाइन्ट लगाएर स्कुल जान पनि मिल्दैन । बरु स्कुल जाने जुत्ता फाट्न लागेको छ । त्यो किन न । त्यो त नभई हुँदैन ।

**भाइ :** (एकछिन सोचेर) ए, हो है दिदी !




२) दिदी भाइको भूमिका अभिनय सकिएपछि सबै सहभागीलाई तलका प्रश्नहरू सोध्ने:

क) भूमिका अभिनयमा के देख्नु भयो ?

ख) दिदी भाइको कुराकानीको आधारमा कुन चाहना र कुन चाहिँ आवश्यकता हो ?

ग) तपाईंहरू प्रायः कुन चाहिँ माग बढी गर्नुहुन्छ ? चाहनाको माग कि, आवश्यकताको ?

**निष्कर्ष:**

- चाहना भनेको रहर वा इच्छा हो । चाहना व्यक्तिपिच्छे फरक फरक हुन्छ । कसैको चाहना कसैको आवश्यकता पनि हुन सक्दछ । जस्तै, जाडो ठाउँमा बसोबास गर्ने मानिसलाई पातलो सर्ट र हाफ पाइन्ट लाएर घुम्ने चाहना हुन सक्छ । जबकि उसको त्यो चाहना चाहिँ गर्मी ठाउँमा बसोबास गर्ने अर्को मान्छेको आवश्यकता हुन सक्छ । त्यस्तै, गर्मी ठाउँमा बसोबास गर्ने मानिसलाई हिउँ पर्ने ठाउँमा लाउने ज्याकेट किन्ने रहर वा चाहना हुन सक्छ जबकि उसको आवश्यकता भनेको पातला लुगाहरूको हो ।
- मानिसलाई बाँच्नका लागि चाहिने कुरा बाहेक अन्य कुराहरू चाहना हुन्। चाहना पूरा नभए पनि केही फरक पर्दैन । तर आवश्यकता पूरा भएन भने मानिसको समग्र विकासमा अवरोध पुग्छ ।




# क्रियाकलाप १.२ : चाहना र आवश्यकताबिच भिन्नता

**उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरूले :
चाहना र आवश्यकता बीचको फरक छुट्याउन सक्नेछन् ।

**विधि** : चाहना र आवश्यकता कार्ड खेल

४५ मिनेट

**आवश्यक सामग्री** : चित्र नं. ३.२ को चाहना र आवश्यकता कार्डहरू



१) सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने ।

२) आवश्यकता र चाहनाको १/१ सेट (१८ वटा चित्र भएका कार्डहरू) ४ वटा समूहलाई दिने ।

३) पहिलो चरणमा प्रत्येक समूहबाट समूहका सदस्यहरूका लागि महत्त्वपूर्ण ठानिएका १२ वटा कार्डहरू छनोट गर्न लगाउने। महत्त्वपुर्ण भनेको समूहका सदस्यहरूका लागि नभई नहुने कुरा हो भनी बुझाउने ।

४) दोस्रो चरणमा, प्रत्येक समूहले छानेका १२ वटा कार्ड मध्येबाट समूहका सदस्यहरूका अति महत्त्वपूर्ण लागेका ८/८ वटा कार्ड मात्र छनोट गर्न लगाउने र छनोट गरिएका कार्डहरूलाई न्युजप्रिन्टमा राखी भित्तामा टाँस्न लगाउने ।

५) ठुलो समूह छलफलका लागि निम्न प्रश्न गर्ने :

क) दिएका कार्ड मध्ये के का आधारमा अति महत्त्वपूर्ण कार्डहरू छनोट गर्नुभयो ? सहभागीहरूले भनेका कारणहरूलाई सहजकर्ताले कालोपाटी वा न्युजप्रिन्टमा लेख्दै जाने ।

ख) के हाम्रो समाजका सबै बालबालिका तथा किशोरकिशोरीले तपाईंहरूले छनोट गर्नुभए जस्तै आफ्ना लागि अति महत्त्वपूर्ण लागेका कुराहरू प्राप्त गर्न सकिरहेका छन् ?

ग) चाहना र आवश्यकतामा के फरक पाउनुभयो ? चाहना र आवश्यकतामा कुन चाहिँ बढी महत्त्वपूर्ण लाग्यो ?



# चित्र नं. ३.१ आवश्यकता र चाहना





विद्यालय




व्यक्तिगत कम्प्युटर




आवश्यक पर्दा औषधि उपचार



साइकल



पोषिलो खाना



व्यक्तिगत मोबाइल

# आवश्यकता र चाहनाहरू



खेल मैदान



मनपर्ने खेलकुद सामग्री



सफा पानी



विद्यालय शुल्क




आफ्नो विचार व्यक्त गर्न पाउनु



भर्खरै चलेको फेसनका कपडा


# आवश्यकता र चाहनाहरू



बस्नका लागि राम्रो घर



आफ्नै राम्रो सुत्ने कोठा




स्वच्छ हावा



जन्म दिनको उपहार



आफ्नो धर्म मान्न पाउँनु



टेलिभिजन

# चित्र नं. ३.२ को चाहना र आवश्यकता कार्डहरू

| आवश्यकता | चाहना |
|---|---|
| स्वास्थ्य हावा (दफा २४ -स्वास्थ्य) | साइकल |
| स्वास्थ पानी (दफा -२४ स्वास्थ्य) | आकर्षक कपडाहरू |
| राम्रो बासस्थान (दफा-२७ राम्रो जीवन अवस्था) | तयारी खाना |
| शिक्षा (दफा- २८ र २९) | विदाको यात्रा, भ्रमण |
| आफ्नो धारण व्यक्त गर्ने (दफा- १२) | खर्च गर्ने पैसा |
| स्वास्थ्य सेवा (दफा-२४) | व्यक्तिगत कम्प्युटर |
| पोषणयुक्त खाना (दफा-२४) | मोवाइल फोन |
| खेल (दफा-३१) | टेलिभिजन |
| खेल (दफा -३१), मान्यता, सँस्कृति तथा भाषाको उपयोग गर्ने अवसर (दफा ३०) | आफ्नै सुत्ने कोठा-आराम (दफा-१६ व्यक्तिगत गोप्यतामा केही बिषयहरू) |
| क्षेत्रीय वा कसैले गाली गलोज गरे (दफा-१९) | |
| राम्रो बासस्थान (दफा-२७) विशिष्ट जीवन | |
| विभेदबाट सुरक्षा (दफा -२) | |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**निष्कर्ष:**

चाहना मानिसको इच्छा वा रहर मात्र हो । आवश्यकता भनेको मानिसको लागि नभई नहुने आधारभूत कुरा हो । जस्तै; मानिसको लागि नभई नहुने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ आदि आधारभूत कुरा हुन् तर घडी, मोबाइल, कार जस्ता वस्तुहरू चाहना हुन् । यी वस्तुहरू नहुँदा पनि मानिसलाई बाँच्नका लागि खासै फरक पर्दैन । मानिसका चाहनाहरू धेरै हुन्छन् तर स्रोत र साधन सीमित हुन्छन् । यसकारण अति आवश्यकताका वस्तुलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । त्यसैले हामीले कुन चाहना र कुन आवश्यकता हो छुट्याउन सक्नुपर्छ । चाहना र आवश्यकता प्रत्येक व्यक्ति ठाउँ परिस्थिति अनुसार फरक फरक हुन्छन् ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप २.१ :
# अधिकार र कर्तव्य

५० मिनेट

**उद्देश्य :** यस सत्रको अन्त्यमा सहभागीहरूले :
आफ्नो अधिकार र कर्तव्यको बारेमा दुई/दुईवटा उदाहरण दिन सक्नेछन् ।

**विधि :** प्रश्न उत्तर, सही र झुटा बाल अधिकार पत्ता लगाउने कार्ड खेल ।

**आवश्यक सामग्री :** अभ्यास पुस्तिकामा भएको बाल अधिकार खेलका २८ वटा चित्रहरू, न्युज प्रिन्ट र मार्कर

१) सबै सहभागीलाई बाल अधिकार भनेको के हो भनी सोध्ने र आएको उत्तरलाई सहजकर्ताले कालोपाटी वा न्युजप्रिन्टमा टिप्दै जाने ।

२) सहभागीबाट आएका बाल अधिकारका बुँदाहरूलाई समेत समेट्दै बाल अधिकार भनेको हरेक बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति गर्न पाउने अधिकार हो भनी प्रस्ट पारिदिने ।

३) सबै सहभागीलाई समूहमा विभाजन गर्नका लागि समूह विभाजन खेल खेलाउने । यसका लागि सहभागीहरूलाई सङ्गीत वा तालीका तालमा गोलो घेरा भित्र नचाउने अनि सङ्गीत वा ताली बीचमै रोकेर सहजकर्ताले 'यति जनाको समूह बनाऊ' भनी निर्देशन दिने । सहभागीहरूले निर्देशन बमोजिम आफ्नो समूहमा त्यति नै सङ्ख्या हुनेगरी एक अर्काको हात समातेर उभिने । कुनै पनि समूहमा सहजकर्ताले भने भन्दा कम वा बढी सहभागीहरू हुनुहुँदैन भनेर प्रस्ट पारिदिने । सहजकर्ताले पनि सबै समूहमा बराबर सदस्य हुने गरी अङ्क भन्ने । जस्तै: २४ जना सहभागीहरू छन् भने सहजकर्ताले "६ जनाको समूह बनाऊ" भन्ने । सहभागीहरूलाई समूहमा विभाजन गरी सकेपछि प्रत्येक समूहलाई बाल अधिकारसँग सम्बन्धित र असम्बन्धित लेखिएका कार्डहरू (२८ वटा कार्ड-चित्र नं २.१) दिने



४) कार्डमा भएका विभिन्न अधिकारहरू मध्ये कुन कुन बाल अधिकार हुन् र कुन कुन बाल अधिकार होइनन् दुई खण्डमा छुट्याउन लगाउने ।

५) सबै समूहले कार्डहरूलाई २ खण्डमा छुट्याई सकेपछि सहभागीहरूलाई बाल अधिकार हुन् भनी छुट्याएका कुरा किन बाल अधिकार भए र होइनन् भनेर छुट्याएका कुरा किन बाल अधिकार भएनन् भनेर सोध्ने । सहभागीबाट आएको उत्तरलाई न्युजप्रिन्ट वा कालो पाटीमा टिप्दै जाने ।

६) सहजकर्ताले बालअधिकारका ४ भागलाई न्युजप्रिन्ट वा मेटाकार्डमा लेखेर भित्तामा टाँसिदिने । बाल अधिकारका ४ भागहरू :

(१) सहभागिताको अधिकार

(२) विकासको अधिकार

(३) संरक्षणको अधिकार र

(४) बाँच्न पाउने अधिकार

७) सहभागीहरूले पहिचान गरेका बाल अधिकारका कार्डहरू ४ भाग मध्ये कुन भाग अन्तर्गत पर्दछन् छुट्याएर सोही भागमा टाँस्न लगाउने ।

८) बाल अधिकारका ४ भाग छुट्याइसके पछि सहजकर्ताले एउटा मेटाकार्डमा कर्तव्य लेखेर भित्तामा टाँसिदिने र सहभागीहरूलाई आफूसँग भएका कार्डहरू मध्ये कुन कुन कार्ड हाम्रो कर्तव्यभित्र पर्दछन् भनी समूहमा छलफल गरेर 'कर्तव्य' लेखेको मेटाकार्डको तल टाँस्न भन्ने ।

९) **ठूलो समूह छलफलको लागि तलका प्रश्नहरू सोध्ने :**

क) कुन कुन अधिकार बाल अधिकारभित्र पर्दछन् कम्तीमा दुई वटा अधिकार बताउन लगाउने ।

ख) के के कुरा कर्तव्य भित्र पर्दछन् कम्तीमा दुईवटा कर्तव्य बताउन लगाउने ।




## सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू :

- बाल अधिकारको कार्ड खेल खेलाउँदा २८ वटा कार्डमा कुन कुन बालअधिकार हुन् र कुन कुन होइनन् छुट्याउन सहयोग गर्नुहोस् ।
- बालअधिकार छुट्याएर बाँकि रहेका जति बालअधिकार होइनन भनी प्रस्ट पारिदिनुहोस् ।

## निष्कर्ष:


(१) सहभागिताको अधिकार (२) विकासको अधिकार (३) संरक्षणको अधिकार र (४) बाँच्न पाउने अधिकार । यी अधिकारहरूलाई नेपाल सरकारका नीति तथा कानुनहरूमा पनि समावेश गरिएको छ । यी सबै अधिकार उत्तिकै महत्त्वपूर्ण छन् र एक अर्कामा अन्तरसम्बन्धित छन् । कुनै एउटा अधिकार प्राप्त हुँदैमा सबै अधिकार पूरा भएको हुँदैन । त्यस्तै, हरेक अधिकारसँग व्यक्तिको कर्तव्य जोडिएको हुन्छ । जस्तै : पढ्न पाउने हरेक बालबालिकाको अधिकार हो भने राम्ररी मेहनत गरेर पढ्नु, आफ्नो कापी किताब जतन गरेर राख्नु, नियमित विद्यालय जानु जस्ता कुरा उनीहरूको कर्तव्य हो । त्यस्तै खान पाउनु अधिकार हो भने खाना खेर नफाल्नु कर्तव्य हो । अधिकारको सही सदुपयोग गर्नु हाम्रो कर्तव्य हो भने हरेक बालबालिकाको अधिकार सुनिश्चित गरिदिनु वयस्क व्यक्ति र सरकारको दायित्त्व हो ।

# बालअधिकार खेलहरू

२८ वटा चित्रहरूमध्ये कुन कुन बालअधिकार हुन् र कुन कुन होइनन् पत्ता लगाउनुहोस् ।



१. सबै बालबालिकालाई माया, स्नेह र स्याहार पाउने अधिकार छ ।




२. हरेक बालबालिकाले आफूले चाहेको दिन विवाह गर्न पाउने अधिकार छ ।



३. असल बालबालिकाले मात्र आमा बाबुबाट विशेष प्रकारको माया पाउँछन् ।



४. सबै बालबालिका समान हुन् ।



५. युद्धको चपेटाबाट बालबालिकाले संरक्षण पाउनु पर्दछ ।




६. हरेक बालबालिकाले चाहे भने गाली वा नराम्रो काम गर्न सक्छन् ।



७. अपाङ्गता भएका बालबालिकाले विशेष संरक्षण पाउनुपर्दछ ।



८. हरेक बालबालिकालाई पर्याप्त र पोषणयुक्त खाना खान पाउने अधिकार छ । तर खाना नफाली राम्ररी खानु कर्तव्य हो ।



९. हरेक बालबालिकालाई स्वास्थ्य उपचार पाउने अधिकार हुन्छ । औषधी ठिक समयमा खानु बालबालिकाको कर्तव्य हो ।



१०. बालबालिकाले घरमा भाँडा माझ्ने र अन्य काम गर्नु हुँदैन ।




११. सबै बालबालिकालाई शिक्षाको अधिकार छ । किताब र कापी जतन गरी पढ्ने बालबालिकाको कर्तव्य हो ।



१२. हरेक बालबालिकाले शौचालय गए पछि हात धुन सफा पानी र साबुनको प्रयोग गर्न पाउने अधिकार छ ।



१३. बालबालिकाले आफ्नो कोठा आफै सफा गर्नहुँदैन ।



१४. कानुनसँग बाझिएका बालबालिकालाई विशेष कानुनी संरक्षण प्रदान गरिनुपर्दछ ।



१५. शरणार्थी बालबालिकालाई विशेष व्यवस्था गरिनुपर्दछ ।



१६. बालबालिकालाई आफ्ना विचारहरू राख्ने अधिकार छ ।



१७. हरेक बालबालिकालाई डकार्ने अधिकार हुन्छ ।



१८. सबै बालबालिकाको खेल्न पाउने अधिकार हुन्छ । ठिक समयमा पढाइमा असर नपर्ने गरी खेल्नु कर्तव्य हो ।



१९. बालबालिकाको आफ्नो विचार वयस्क तथा अरूसँग राख्न पाउने, क्लब खोल्न पाउने अधिकार हुन्छ ।



२०. हरेक बालबालिकालाई आफ्नो पैसा आफैले उपयागे गर्ने अधिकार छ ।



२१. परिवारविहीन बालबालिकाको विशेष संरक्षणको अधिकार छ ।




२२. कुनै पनि बालबालिकामाथि श्रमशोषण गरिनु हुँदैन ।




२३. बालबालिकालाई जानकारी लिने तथा सूचना प्राप्त गर्ने अधिकार छ (सूचनाको हक) ।



२४. कुनै पनि बालबालिका माथि दुर्व्यवहार गरिनु हुँदैन ।



२५. हरेक बालबालिकालाई ओछ्यानमा खाजा गर्ने अधिकार छ ।



२६. कुनै पनि बालबालिका माथि यौन दुर्व्यवहार गरिनु हुंदैन ।



२७. बालबालिकालाई उनीहरूले चाहेको धर्म मान्न पाउने अधिकार छ ।



२८. हरेक बालबालिकालाई रमाइला छिमेकी तथा साथीहरू बनाउने अधिकार छ ।

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप २.२ :
# अधिकार प्राप्तिका विकल्पहरू

४० मिनेट

**उद्देश्य :** यस सत्रको अन्त्यमा सहभागीहरूले :
आफ्नो अधिकार प्राप्त गर्न विभिन्न उपायहरूको खोजी गर्न सक्नेछन् ।

**विधि :** प्रश्न उत्तर र विकल्प छनोट खेल

**आवश्यक सामग्री :** न्युजप्रिन्ट वा मार्कर वा कलम,१००, ५०, २० र १० लेखिएका कागजका साना साना टुक्राहरू,

१) सहभागीहरूलाई पुनः क्रियाकलाप १ का लागि बनाइएकै समूहमा बस्न लगाउने र तलका प्रश्नहरू सोधी सूची तयार गर्न लगाउने ।

तपाईंको समुदायका सबै बालबालिकाले माथि ४ भागमा छुट्याएका सबै अधिकारहरू प्राप्त गरेका छन् ? यदि छैनन् भने के के अधिकारहरू प्राप्त गर्न सकेका छैनन् र के कारणले छैनन् भनेर छलफल गर्न लगाउने ।

२) प्रत्येक समूहलाई न्युजप्रिन्ट वा कापीको पाना दिने । त्यसपछि न्युजप्रिन्ट वा कापीको पानालाई दुई भागमा बाँड्न लगाउने र एक भागमा आफ्ना समुदायका बालबालिकाका के के अधिकार हनन भएका छन् उनीहरुका अधिकार हनन हुन नदिने उपायहरु के के हुन् भनेर लेख्न लगाउने ।

३) उत्तम विकल्प छनोटका लागि एउटा खेल खेल्नेछौं भन्दै खेलको प्रक्रिया बताउने ।

**खेलको प्रक्रिया** : प्रत्येक समूहलाई काल्पनिक रूपमा रु. १,००० (एक हजार रूपैयाँ) रहने गरी साना साना कागजका टुक्रामा रु. १००, रु. ५०, रु. २०, र रु. १० लेखेर दिने ।

५) आफ्ना समुदायका बालबालिकाका अधिकार हनन हुनबाट जोगाउन सहभागीहरूले पहिचान गरेका उपायहरू सहजकर्ताले पढेर सुनाउने । पहिचान गरेका उपायमध्ये सहभागीहरूलाई कुन चाहिँ धेरै महत्त्वपूर्ण लाग्छ त्यो उपायलाई बढी पैसा तिरेर किन्नुपर्ने छ भनेर खेलको नियम बताइदिने ।

५) कुन उपायले किन्ने, कति पैसा तिर्ने भन्ने निर्णयका लागि सहभागीहरूलाई आफ्नै समूहमा



छलफल गर्न लगाउने। सहजकर्ताले सबै समूहलाई पालै पालो कुन उपायका लागि कति पैसा तिर्न तयार छौ भनेर सोध्ने। जुन समूहले कुनै पनि उपायलाई सबैभन्दा बढी पैसा तिर्छ त्यो उपाय त्यही समूहको हुन्छ भनेर प्रस्ट पारिदिने।

६) प्रत्येक समूहले थोरै पैसाबाट सुरु गर्नुपर्नेछ।

७) सबै उपायहरू नसकिएसम्म यो क्रम जारी राख्ने। अन्त्यमा जुन समूहले बढी पैसा तिरेर बढी उपाय किन्छ, त्यो नै उत्तम उपाय हो भनेर बताउने।

८) समूह छलफलको लागि निम्न प्रश्न गर्ने:

   क) सबै भन्दा बढी मूल्य तिरेर किन्न खोजेको उपाय कुन हो ?

   ख) कुनै समूहले कुनै उपाय किन्न नचाहेको अवस्थामा किन किन्न नचाहेको हो वा यी भन्दा अरू कुनै नयाँ उपाय छन् भनेर सोध्ने।

   ग) अन्त्यमा, सहभागीका कुनै जिज्ञासा भए सोध्न समय दिने र ती जिज्ञासाहरू समाधान गरिदिने।




## सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू :

- उत्तम विकल्प छनोट गर्दा वा मूल्य तोक्दा त्यस समुदायमा सबैभन्दा बढी बाल बालिकाको कुन कुन अधिकार हनन भएका छन् त्यो कुरा सम्झिन जोड दिने।
- कुनै पनि उपायलाई बढी पैसा तिर्नुभन्दा अगाडि त्यो उपाय बढी अधिकार हनन भएको सवालमा प्रभावकारी हुन्छ कि हुँदैन भनेर निश्चित गर्न जोड दिने ।
- कम महत्वको उपायलाई कम पैसा र बढी महत्व भएको उपायलाई बढी पैसा तिर्नुपर्छ भनी प्रस्ट पार्ने।

## निष्कर्ष:

- बालबालिका तथा किशोरकिशोरीका विभिन्न अधिकारहरू छन् तर सबैले सबै अधिकारहरू प्राप्त नगरेका पनि हुन सक्छन्। यस्तो अवस्थामा अधिकार प्राप्त गर्ने विभिन्न उपायहरूको खोजी गर्न सकिन्छ। त्यसका लागि हामीसँग इच्छा र काम गर्ने तत्परताको आवश्यकता पर्दछ। जसका लागि सङ्गठित हुन आवश्यक छ। साथै अधिकार प्राप्तिका उपायहरू खोज्दा उत्तम उपायको खोजी गर्नुपर्छ।

१०-१९ वर्ष उमेर समूहका लागि

४० मिनेट

# क्रियाकलाप २.३ :
# बाल अधिकारबारे अरूलाई बुझाउने

**उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरूले :
बाल अधिकार बारे अरूलाई बुझाउन सक्नेछन् ।

**विधि** : समूह छलफल र प्रस्तुति

**आवश्यक सामग्री** : कापी र कलम




१) सहभागीलाई चार समूहमा विभाजन गर्ने ।

२) प्रत्येक समूहलाई एक/एकवटा बाल अधिकार हननका सवाल पहिचान गर्न लगाउने ।

३) आफ्नो समूहले पहिचान गरेको सवाल के कारणले बाल अधिकार हनन हो ? बुँदागत रूपमा छलफल गरी लेख्न लगाउने ।

४) सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउने ।

५) त्यसपछि सहजकर्ताले निम्न प्रश्न सोधी ठुलो समूहमा छलफल गराउने ।

   क) तपाईंहरूले आफ्नो समुदायमा यस्ता प्रकारका समस्या परेको देखेमा उक्त कुरा बाल अधिकार हनन हो भनी अरूलाई बुझाउन सक्नुहुन्छ ? त्यसका लागि के के उपाय हुन सक्छन् ? एक/एकवटा तर्क दिनुहोस् ।

   ख) सहभागीहरूको कुनै जिज्ञासा भए सोध्न समय दिने र जिज्ञासा मेटाइदिने ।




**निष्कर्ष:**

बाल अधिकार हनन भएमा चुप लागेर बस्नु हुँदैन । विभिन्न सञ्चार माध्यम र सरोकारवालाहरुको सहयोग लिएर बाल अधिकार हनन विरुद्ध आवाज उठाई छलफलको विषय बनाउनु पर्दछ । यो हाम्रो अधिकार मात्र नभई कर्तव्य पनि हो ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप ३ :
# म पनि सक्छु

**उद्देश्य :** यस सत्रको अन्त्यमा सहभागीहरूले :
हरेक मानिसले आफ्नो क्षमता अनुसार अवसर पाएमा काम गर्न सक्छन् भन्ने बुझ्नेछन् ।

३० मिनेट

**विधि :** खेल (आँखा बन्द गर्ने खेल)

**आवश्यक सामग्री :** सफा रुमाल वा सल

१) चारजनालाई स्वयंसेवकका रूपमा अगाडि बोलाउने । यदि सहभागीमध्ये कोही अपाङ्गता भएका व्यक्ति छन् र खेलमा सहभागी हुन सहमत छन् भने उनीहरूलाई पनि शारीरिक अवस्था अनुसार खेलाउन सकिनेछ ।

२) प्रत्येक व्यक्तिलाई निम्न अनुसारको भूमिका दिने :

- **हिँड्न नसक्ने :** खेलमा सहभागी मध्ये एकजनालाई उभिन सक्ने गरी तर हिँड्न नसक्ने गरी खुट्टा बाँधिदिने र हिँड्न लगाउने ।
- **बोल्न नसक्ने :** एकजनाको मुखमा बोल्न नमिल्ने गरी रुमालले मुख बाँधिदिने र साथीसँग कुरा गर्न लगाउने ।



- **हात नभएको मान्छे :** एकजनाको हात बाँधिदिने र मोबाइलमा कुरा गर्न लगाउने ।
- **आँखा नभएको मान्छे :** एकजनाको आँखा बन्द गरी दिने र निश्चित ठाउँमा पुग्न लगाउने ।

३) अन्त्यमा समूह छलफलका लागि निम्न प्रश्न गर्ने :

क) यो खेलमा आफू अपाङ्गता हुँदा कस्तो अनभुव गर्नुभयो?

ख) यो खेलमा के के चुनौतीहरू थिए ?

ग) कस्तो परिस्थिति दिएको भए उनीहरूले सजिलैसँग आफ्नो भूमिका निभाउन सक्ने थिए ।




घ) तपाईंको विचारमा अपाङ्गता भएका व्यक्तिको अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ ?

ङ) अन्त्यमा, सहभागीका कुनै जिज्ञासा भए सोध्ने र जिज्ञासा मेटाइदिने ।

### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू :

- यो खेल अपाङ्गता भएका तथा पछाडि पारिएका व्यक्तिहरूका लागि सम्मानजनक व्यवहार र समान अधिकार हुन्छ भन्ने महसुस गराउन खेलिने खेल हो ।
- सहजकर्ताले यो खेल अपाङ्गता भएका तथा पछाडि पारिएका व्यक्तिहरूप्रति सम्मानजनक व्यवहार गर्न र उनीहरूका अधिकार सुनिश्चित गर्नको लागि भएको बताइदिने ।
- यसको उद्देश्य अपाङ्गता भएका व्यक्तिप्रति नकारात्मक व्यवहार गर्ने नभई सकारात्मक व्यवहार गर्न उत्प्रेरित गर्नका लागि हो भनी बताइदिने ।
- यस्तो खेल खेल्दा अपाङ्गता नभएका व्यक्तिहरू बढी संवेदनशील हुनु पर्ने कुरा प्रस्ट पारिदिने ।

### निष्कर्ष:

मानिस शारीरिक , मानसिक, बौद्धिक, आर्थिक, धार्मिक, लैङ्गिक जे जस्तो रूपमा फरक भएपनि सबैको अधिकार समान हुन्छ । महिला, दलित, अल्पसङ्ख्यक, जातजाति र जुनसुकै उमेर समूहका मानिस भए पनि उनीहरूका लागि नभई नहुने हरेक आधारभूत आवश्यकताहरू उनीहरूका जन्मसिद्ध अधिकार हुन् । हामीले मानव अधिकारको आदर र सम्मान गर्नु पर्दछ ।

१० मिनेट

### सिकाइ मापन:

क) बाल अधिकार सुनिश्चित गर्ने दायित्व कसको हो ?

ख) चाहना र आवश्यकता बीचमा के फरक छ ?

ग) बाल अधिकार र कर्तव्य के के हुन् ? कार्यपुस्तिकामा लेख्ने ।



# पाठ्य सामग्री :

## बाल अधिकार के हो ?

बालबालिकाहरू शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुने हुँदा उनीहरूलाई विशेष हेरचाह र सुविधाको आवश्यकता पर्छ । यसका निमित्त उनीहरूलाई संरक्षण प्रदान गर्नु, बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुऱ्याउनु, खेल-मनोरञ्जन र आराम गर्न दिनु, माया-स्नेह गर्नु, हेला- दुर्व्यवहार र शोषण लगायत कुनै पनि हिंसात्मक एवम् सशस्त्र गतिविधिहरूबाट जोगाउनु पर्दछ । माया-स्नेह, शान्ति समझदारी र सुरक्षापूर्ण वातावरणभित्र असल शिक्षा हासिल गर्दै स्वस्थ भएर आफ्नो बालापन बिताउन पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । बालअधिकार भनेको बालबालिकालाई असुरक्षा, अशिक्षा, अवहेलना, तिरष्कार, शोषण र उत्पीडन विरुद्ध संरक्षण प्रदान गर्दै उनीहरूको बालापन सुनिश्चित गर्नु हो । बालअधिकार भनेको बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र आफ्ना बारेमा हुने/गरिने नीति निर्णय र सामाजिक गतिविधिहरूमा सहभागी हुन पाउने, आफ्नो विचार राख्न पाउने अधिकारहरूको समुच्च स्वरूप हो । बालबालिका स्वयम्ले आफ्नो अधिकार आफैं लिन नसक्ने भएको हुँदा उनीहरूको अधिकारको संरक्षण गर्नु वयस्कहरूको अर्थात् हुर्किसकेका व्यक्तिहरूको दायित्व हो ।

## बालअधिकार सम्बन्धी महासन्धि भनेको के हो ?

बालअधिकार सम्बन्धी महासन्धि भनेको १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट बालबालिकाको अधिकारका निम्ति पारित राज्यहरू विचको एक साझा सम्झौता-पत्र हो । संयुक्त राष्ट्र सङ्घका २० सदस्य राष्ट्रहरूले राज्यपक्षको रूपमा अनुमोदन गरिसकेपछि यो महासन्धि १९९० सेप्टेम्बर २ बाट औपचारिक रूपमा लागू भएको छ । बालअधिकारलाई एउटा आदर्श घोषणामा मात्र सीमित नराखेर यसलाई बालविकासको व्यावहारिक स्वरूप दिन यस महासन्धिको प्रतिपादन भएको हो । बालबालिका संसारको जुनसुकै ठाउँमा जन्मे-हुर्के पनि उनीहरूको आधारभूत आवश्यकता भनेको माया, ममता, समझदारी, संरक्षण, स्वास्थ्य, शिक्षा र पोषण नै हुन् । तसर्थ प्रत्येक राज्यले आफ्ना भावी सन्ततिको उज्ज्वल भविष्यको निम्ति विशेष चासो लिऊन् भन्ने मनसायले यस महासन्धिको निर्माण भएको हो । यस महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा विना शर्त अनुमोदन गरिसकेको छ र १९९० को अक्टोबर २० देखि कार्यान्वयनमा ल्याएको छ ।

## बाल अधिकारको सङ्क्षिप्त ऐतिहासिक पृष्ठभूमि

बालअधिकारको अवधारणाका जन्मदातृका रूपमा 'सेभ द चिल्ड्रेन' सँस्थाकी सँस्थापक एग्लेन्टाइन जेवलाई लिन सकिन्छ । प्रथम विश्वयुद्धले विचल्लीमा पारेका बालबालिकाको अवस्था देख्न नसकी उनले बालअधिकारका लागि आवाज उठाइन् । उनले "म विश्वस्त छु कि हामीले बालबालिकाको लागि केही अधिकारहरूको माग गर्नु पर्छ र ती अधिकारहरूलाई विश्वभरि सबैबाट मान्यता प्रदान गराउनका लागि खटेर प्रयास गर्नु पर्छ" भन्दै सन् १९२३ मा अघि सारेको बालअधिकार सम्बन्धी अवधारणा सन् १९८९ मा आएर बालअधिकारसम्बन्धी महासन्धिमा परिणत भयो ।

सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्र सङ्घको महासभाबाट पारित बालअधिकारसम्बन्धी महासन्धिमा हाल संसारका १९३ वटा राष्ट्रहरूले सहमति जनाएर यसको पक्ष राष्ट्र भएका छन् । यो एक अन्तर्राष्ट्रिय कानुन हो । यसको कार्यान्वयनको अवस्थाबारे राष्ट्र पक्षले संयुक्त राष्ट्रसङ्घलाई नियमित प्रतिवेदन बुझाउनु पर्छ र संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिले त्यो प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव टिप्पणीहरू सहित सम्बन्धित राष्ट्रलाई पठाउने गर्दछ ।

## बालअधिकार सम्बन्धी महासन्धिका आधारभूत सिद्धान्तहरू के के हुन् ?

बालअधिकारसम्बन्धी महासन्धिका चार आधारभूत सिद्धान्तहरू रहेका छन् । बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरू यी आधारभूत सिद्धान्त विपरीत हुनुहुँदैन । समाजमा भए गरेका कार्यहरू बालअधिकारको पक्षमा छन् कि छैनन् भन्ने कुरा जाँच्नका निम्ति मापदण्डका रूपमा पनि यी आधारभूत सिद्धान्तलाई लिन सकिन्छ । यी सिद्धान्तहरूका बारेमा महासन्धिको धारा २,३,६ र १२ मा उल्लेख भएको छ ।

१) **भेदभावरहित:**
सबै बालबालिकालाई बिना भेदभाव, बिना पक्षपात सम्पूर्ण अधिकारहरू उपलब्ध गराउनु पर्दछ । कुनैपनि बालबालिकालाई निजको वा निजका बाबुआमा, अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म राजनीतिक वा अन्य आस्था, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नुपर्दछ । (धारा - २)

२) **बालबालिकाको सर्वोत्तम हित:**
बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । सार्वजनिक तथा कल्याणकारी सँस्थाहरू, अदालत, प्रशासनिक निकाय, विधायिकालगायत सबैले बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ । (धारा -३)

३) **दीर्घजीवन र विकास:**
बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकासका निम्ति राज्यले बढी भन्दा बढी प्रयास गर्नुपर्दछ । (धारा - ६)

४) **बालबालिकाको विचार र भावनाको कदर:**
बालबालिकासँग सम्बन्धित बिषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वता अनुसार त्यसलाई उचित मान्यता पनि दिइनुपर्दछ । बालबालिकालाई पनि समाजको एक अभिन्न अङ्ग मानी समाज विकासका विभिन्न चरणहरूमा बालबालिकासँग सम्बन्धित विषयहरूमा उनीहरूलाई सहभागी गराइनु पर्दछ ।

महासन्धिमा उल्लेखित बालअधिकारलाई सरल तरिकाले बुझ्न यसलाई चार समूहमा विभाजित गर्न सकिन्छ । तर यी बालअधिकारका चार समूहहरू एक आपसमा अत्यन्त सम्बन्धित र परिपूरक छन् ।

१) **बाँच्न पाउने अधिकार:**
बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार लगायत बालबालिकाको सुरक्षित रूपमा जन्म हुनु पर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।

२) **संरक्षण पाउने अधिकार:**
प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवम् हानिकारक काम तथा युद्धमा संलग्न हुनु पर्ने स्थिति, ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनु पर्छ । अपाङ्गता भएका तथा अनाथ बालबालिकाको निम्ति बिशेष व्यवस्था हुनुपर्छ । सम्पूर्ण बालबालिकालाई कानुनी संरक्षण प्राप्त हुनुपर्छ ।

३) **विकास गर्न पाउने अधिकार:**
स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया ममता पाउने, उचित स्वास्थ्योपचार लगायतका उचित जीवनस्तरका निमित्त चहिने एवम् बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्त गर्ने अधिकार प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हुन् ।

४) **सहभागी हुन पाउने अधिकार :**
बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरूमा आफ्नो कुरा सुनुवाइ गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा बिना रोकतोक र बिना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुने, कुनै पनि कुराको

जानकारी राख्न र अभिव्यक्त गर्न, सङ्घ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू सबै बालबालिकाले पाउनु पर्छ ।



नेपाल सरकारले बाल अधिकार सम्बन्धी निम्न व्यवस्था गरेको छ :

१. बालबालिकाको हक हितको संरक्षणका निमित्त बालबालिका सम्बन्धी ऐन २०४८,
२. बालबालिका सम्बन्धी नियमावली २०५१ ।
३. बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, र यसलाई नियमित गर्ने नियमावली २०६२ ।
४. बाल न्याय (कार्यविधि) नियमावली २०६३ ।
५. नेपालले २०६९/१/४ मा बालबालिकाको लागि छुट्टै राष्ट्रिय नीति जारी गरेको छ । यो नै नेपालका बालबालिकाको क्षेत्रमा भएको एउटा ठुलो उपलब्धि हो । जसलाई बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ भनिन्छ ।
६. त्यस्तै लैङ्गिक हिंसा सम्बन्धी राष्ट्रिय कार्ययोजना २०१० मा पनि बालबालिकाको संरक्षण तथा सुरक्षा सम्बन्धी कार्ययोजना बनाइएको छ । खास गरी यो द्वन्द्व र द्वन्द्व पश्चात् बढदो यौन हिंसालाई सम्बोधन गर्नका लागि बनाइएको कार्ययोजना हो । लैङ्गिक हिंसा सम्बन्धी राष्ट्रिय कार्ययोजना संयुक्त राष्ट्र सङ्घको १३२५ र १८२० को प्रस्तावनालाई कसरी कार्यान्वयनमा ल्याउन सकिन्छ भनेर निर्माण गरिएको हो ।
७. महिला तथा बालबालिका ओसारपसार विरुद्धको राष्ट्रिय नीति २०६८
८. बाल श्रम निराकरणका लागि १० वर्षे गुरु योजना सन् २०११ देखि २०२०
९. बालबालिकाको लागि राष्ट्रिय कार्य योजना
१०. विद्यालय शान्ति क्षेत्र अभियान ।
११. बालबालिकालाई विद्यालयमा भयरहित सिकाइका लागि भयरहित नीतिको निर्देशिका तयार भएको छ ।
१२. बाल हेल्पलाइन (१०९८) कार्यान्वयन निर्देशिका
१३. प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना
१४. बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा कानुनी रूपमै निषेध गर्न बनेको व्यवस्था
१५. विद्यालयमा भयरहित शिक्षण वातावरणका लागि नीति तथा निर्देशिका २०६७
१६. सरकारले बालबालिकाको क्षेत्रमा नीति नियमका साथै बजेट पनि छुट्याएको छ जसमा कुल बजेटको १० प्रतिशत बजेट बालबालिकाको क्षेत्रमा छुट्याएको छ ।
१७. देशका ७५ जिल्लामा बालकल्याण समिति स्थापना भएका छन् ।

## १. बालअधिकारका चार बाकसहरू

बालअधिकार महासन्धिमा ५४ वटा धाराहरू रहेका छन् । यी सबै धाराहरूमध्ये धारा १ देखि ४० सम्म बालबालिकाका अधिकारको बारेमा लेखिएको छ । तर यी ४० वटा धाराहरू सम्झिन सजिलो होस् भनेर यसलाई चार भागमा बाँडिएको छ । छोटकरीमा यसलाई "बासंविस" भन्ने गरिन्छ ।

**बा** = बाँच्न पाउने अधिकार (Right to Survival)

**सं** = संरक्षणको अधिकार (Right to Protection)

**वि** = विकासको अधिकार (Right to Development)

**स** = सहभागिताको अधिकार (Right to Participation)

### १. बा = बाँच्न पाउने अधिकार (Right to Survival)

बालबालिकालाई बाँच्नका निम्ति आवश्यक सबै अधिकारहरू र आवश्यकताहरू नै बाँच्न पाउने अधिकार अन्तर्गत पर्दछन् । पोषणयुक्त खाना, सफा पानी, स्वच्छ हावा, गर्भवती आमाको उचित स्याहार, औषधी उपचारको व्यवस्था आदि बाँच्न पाउने अधिकार हुन् । बालबालिकाले बाँच्न पाउने जन्मसिद्ध अधिकार अन्तर्गत तलका विषयहरू पनि पर्दछन् :

- गर्भवती महिलालाई विशेष स्याहार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा पानी
- माया, ममतापूर्ण पालनपोषण र हेरचाह
- मौसम अनुसारको लुगाफाटा, ओढ्ने ओछ्याउने, सुरक्षित बसाइ र हुर्काइ

### २.सं = संरक्षणको अधिकार (Right to Protection)

बालबालिकाहरू शारीरिक र मानसिक रूपमा परिपक्व नभइसकेको हुँदा उनीहरूलाई गलत काम गर्न लगाउने वा काम गर्न बाध्य बनाउने जोखिम रहन्छ । त्यस्ता कार्यबाट बालबालिकालाई संरक्षण गरिनु पर्दछ । संरक्षणको अधिकार अन्तर्गत विभिन्न किसिमका भेदभाव, शोषण, परित्याग, लागुपदार्थको ओसारपसारमा सहभागी गराउने, बेचबिखन गर्ने, दुर्व्यवहार, यौन दुर्व्यवहार, अधिकारको हनन आदिबाट संरक्षण गर्नुपर्ने अधिकारहरू पर्दछन् ।

- भेदभावबाट संरक्षण (गर्भ देखि नै)
- दुर्व्यवहार, पीडा, शोषण, परित्याग, हेला, अपमान, गाली, कुटपिट यातनाबाट संरक्षण
- यौन शोषण, श्रम शोषणबाट संरक्षण
- हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
- बेचबिखन, ओसारपसारबाट संरक्षण
- लागूपदार्थ, नसालु पदार्थबाट संरक्षण
- कानुनी संरक्षण

### ३. वि = विकासको अधिकार (Right to Development)

बालबालिकाको शरीर, मन, मस्तिष्क कोमल हुन्छ र पूर्ण रूपमा विकास भइसकेको हुँदैन । त्यसैले पूर्ण विकासका निम्ति धेरै कुराहरूको आवश्यकता पर्दछ । उदाहरणका लागि शारीरिक रूपमा विकास हुन पोषणयुक्त खानाको आवश्यकता पर्छ भने मानसिक र भावनात्मक रूपमा विकास हुन माया, ममता, हौसला, विभिन्न माध्यमबाट प्राप्त हुने सूचनाको आवश्यकता पर्छ । यसरी बालबालिकाको सही विकासमा सहयोग गर्ने सबै आवश्यकताहरू नै विकासका अधिकारहरू हुन् । विकासका अधिकारभित्र तल उल्लिखित कुराहरू पनि पर्दछन् :

- स्वच्छ र रमाइलो वातावरणमा असल शिक्षा आर्जन (औपचारिक/अनौपचारिक )
- खेल, मनोरञ्जन र आराम
- खोप
- बिरामी हुँदा तथा स्वस्थ रहनका लागि आवश्यक स्वाथ्योपचार
- आमा बाबु दुवैको भरपुर माया ममतामा हुर्कन पाउनु
- उचित मार्गदर्शन र राम्रो पारिवारिक वातावरण

### ४. स = सहभागिताको अधिकार (Right to Participation)

बालबालिकासँग सरोकार राख्ने सबै विषयहरूमा उनीहरूले आफ्नो विचार राख्न पाउनु पर्छ र राखेका विषयहरू वयस्कहरूले सुनिदिनु पर्छ । निर्णय लिने प्रक्रियामा बालबालिकाले भनेका कुराहरूलाई पनि समावेश गरी निर्णय लिनुपर्छ । त्यतिमात्र नभएर बालबालिकाको बारेमा निर्णय गरिने ठाउँहरूमा उनीहरूले पनि सहभागी हुन पाउनु पर्छ । जस्तैः बालमैत्री गाविस कस्तो हुनुपर्छ भनेर बुझ्न गाउँ बालमैत्री स्थानीय शासन समितिमा बालबालिका पनि सहभागी हुन्छन् । साथै बालक्लबहरूमा सहभागी हुन पाउने, आफ्नो विचार राख्न पाउने, उनीहरूको विचारको सम्मान गरिनुपर्ने सहभागिताको अधिकार अन्तर्गत पर्दछन् । त्यसैगरी तल उल्लिखित सबै अधिकारहरू सहभागिताका अधिकारहरू हुन् :

- जीवनमा प्रभाव पार्ने निर्णयहरूमा बालबालिकाको कुरा सुनुवाइ हुने र सोको कदर गरिनु पर्ने
- रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिहरूमा भाग लिन पाउने
- आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने ।
- कुनै कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्ने ।
- सङ्घसंस्था खोल्ने तथा सहभागी हुने ।
- बालबालिकाको विचार र भावनाको सम्मान गरिनुपर्ने
- १२ देखि १८ वर्षका बालबालिकाले स्थानीय निकायको बालबालिका सम्बन्धी योजना तथा निर्णय प्रक्रियामा सहभागी हुन पाउने

## २. बालअधिकार महासन्धिका धाराहरू[३]

**धारा १ : बालबालिकाको परिभाषा**

जबसम्म तपाईं १८ वर्षको पुग्नु हुन्न, तपाईं बालबालिका हुनुहुन्छ र तपाईंसँग बालअधिकार महासन्धिका सबै अधिकारहरू हुन्छन् ।

**धारा २ : भेदभावबाट संरक्षण**

तपाईंलाई अपाङ्गता, जन्म, आर्थिक र सामाजिक अवस्था, लिङ्ग, वर्ण, जाति, भाषा, धर्म वा अन्य अभिभावकसँग सम्बन्धित विषयलाई लिएर भेदभाव गर्न पाइँदैन ।

**धारा ३ : बालबालिकाको उच्चतम हित**

बालबालिकाको क्षेत्रमा गरिने सम्पूर्ण काम र निर्णयहरू तपाईं बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखेर गर्नुपर्छ ।

**धारा ४ : महासन्धिका अधिकारहरूको उपभोग**

राज्यले सबै बालबालिका र तपाईंलाई बालअधिकार उपलब्ध गराउनुपर्छ ।

**धारा ५ : परिवारको मार्गनिर्देशन र बालबालिकाको वृद्धि–विकास**

तपाईंको परिवारको मुख्य जिम्मेवारी तपाईंलाई बढ्न मार्गनिर्देशन दिनु हो । साथै अधिकारको सही प्रयोग गर्न सिकाउनु पनि हो । सरकारले यो अधिकारको सम्मान गर्नुपर्छ ।

**धारा ६ : बाँच्न र विकसित हुन पाउने अधिकार**

तपाईंलाई राम्रोसँग जीउने र हुर्कने अधिकार छ । राज्यले तपाईं सुरक्षित र स्वस्थ रूपमा हुर्किरहनु भएको छ भन्ने पुष्टि गर्न सक्ने हुनुपर्छ ।

**धारा ७ : जन्मदर्ता, नाम, नागरिकता र अभिभावकको हेरचाह**

तपाईंको जन्म कानुनी दर्ता गराउन पाउने, नाम र नागरिकता पाउने साथै आमाबुबाबाट हेरचाह पाउने अधिकार तपाईंलाई छ । राज्यले तपाईंको नाम, नागरिकता र पारिवारिक सम्बन्धको सम्मान गर्नुपर्छ ।

**धारा ८ : परिचय संरक्षण**

सरकारले हरेक व्यक्तिको नाम, नागरिकता र पारिवारिक सम्बन्धलाई सम्मान गर्नुपर्छ ।

**धारा ९ : पारिवारिक विछोड**

तपाईंको भलाइबाहेक अन्य कारणका लगि आफ्नो अभिभावकबाट छुटाउन पाइदैन (यदि तपाईंको परिवारले तपाईंलाई नराम्रो व्यवहार वा हेलचेक्र्याइँ गर्छ ।) यदि तपाईंको बुबाआमा एकअर्कासँग छुटिएर बस्नुभएको छ भने तपाईंलाई आफ्नो आमाबुबासँग सम्पर्कमा बस्न पाउने अधिकार छ ।

**धारा १० : पारिवारिक पुनर्मिलन**

यदि तपाईंको अभिभावक अन्य देशमा बसोबास गर्छन् भने तपाईंलाई उहाँहरूलाई भेट्न जाने र उहाँहरूसँग बस्ने अधिकार छ ।

३. बाँसका मुनाहरू तालिम सामग्री : प्लान नेपालको प्रकाशन

**धारा ११ : गैरकानुनी रूपमा अन्य देश जानबाट सुरक्षा**

तपाईंलाई गैरकानुनी रूपमा अरू देशमा लगिँदै छ भने राज्यले यस्तो कार्यमा रोक लगाउनुपर्छ ।

**धारा १२ : बालबालिकाको विचारको सम्मान**

तपाईंको जीवनमा प्रत्यक्ष असर पार्ने विषयमा तपाईंका विचार सुनिनुपर्छ र कदर पनि गरिनुपर्छ ।

**धारा १३ : जानकारी लिने र दिने स्वतन्त्रता**

तपाईंसँग विभिन्न माध्यमहरूको जानकारीहरू (जस्तै चित्र, लेख, रेडियो र इन्टरनेट आदि) खोज्ने र प्राप्त गर्ने र बाँड्ने अधिकार छ, जबसम्म ती सूचनाहरूले तपाईं वा अन्य कसैलाई हानि पुऱ्याउँदैन ।

**धारा १४ : विचार, विवेक र धर्मको स्वतन्त्रता**

तपाईंलाई आफ्नो रुचि र इच्छाअनुरूपको धर्म मान्ने अधिकार छ । यसमा कसैले रोक लगाउन पाउँदैन । अभिभावकले पनि मार्गनिर्देशन गर्नमात्रै पाउँछन् ।

**धारा १५ : स्वतन्त्र रूपमा जम्मा हुन र समूह गठन गर्न पाउनु**

तपाईंलाई समूह र संस्थामा सहभागी हुने र बैठक बस्ने अधिकार छ । यो अधिकार खोस्ने अधिकार कसैलाई हुँदैन ।

**धारा १६ : गोपनीयता तथा आत्मसम्मान**

तपाईंमा गोपनीयताको अधिकार छ । कसैलाई पनि विना सही कारण तपाईंको नाम बिगार्न, तपाईंको घरमा प्रवेश गर्न, तपाईंको इमेल-चिठी पढ्न र तपाईं र तपाईंको परिवारलाई दुःख दिने अधिकार छैन ।

**धारा १७ : सूचना तथा सञ्चारमा पहुँच**

तपाईंलाई विभिन्न स्रोत जस्तैः टिभी, रेडियो, पत्रपत्रिका, किताब, इन्टरनेट आदिबाट जानकारी आदान प्रदान गर्ने अधिकार छ । तर ती जानकारी तपाईंले बुझ्न सक्ने र उपयोगी हुनुपर्छ ।

**धारा १८ : अभिभावकको संयुक्त दायित्व**

तपाईंलाई हुर्काउन र तपाईंको निम्ति सबैभन्दा ठिक के हुन्छ भनी ध्यान पुऱ्याउनु तपाईंका बुबाआमा दुवैको दायित्व हो । यसका लागि राज्यले सहयोग गर्नुपर्छ, खासगरी यदि अभिभावकहरू काम गर्छन् भने ।

**धारा १९ : सबै प्रकारको हिंसा, दुर्व्यवहार र बेवास्ताबाट संरक्षण**

राज्यले तपाईंको सही तारिकाले हेरविचार भइरहेको सुनिश्चित गरी तपाईंलाई अभिभावक र अन्यबाट हुने कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार र बेवास्ताबाट संरक्षण गर्नुपर्छ ।

**धारा २० : वैकल्पिक हेरविचार**

यदि परिवारले तपाईंको हेरविचार गर्न सक्दैन भने तपाईंको हेरविचार तपाईंको धर्म, संस्कार र भाषालाई महत्त्व दिने व्यक्तिले गर्नुपर्छ ।

**धारा २१ : धर्मपुत्र र धर्मपुत्री**

यदि तपाईंलाई कसैले धर्मपुत्र वा धर्मपुत्रीका रूपमा पाल्छन् भने सबैभन्दा पहिला तपाईंका लागि राम्रो के हुन्छ भनी विचार पुऱ्याउनुपर्छ, चाहे तपाईंलाई जुनै देशमा लगियोस् ।

**धारा २२ : शरणार्थी बालबालिका**

यदि तपाईंले आफ्नो देश सुरक्षित नभएका कारण अर्को देशमा बसाइ सर्नुभयो भने त्यहाँ तपाईंले सुरक्षा र सहयोग पाउनुका साथै आफ्नो देशमा पाउने अधिकार सबै पाउनुपर्छ ।

**धारा २३ : अपाङ्गतामा रहेका बालबालिका**

यदि तपाईंमा कुनै प्रकारको अपाङ्गता (शारीरिक वा मानसिक) छ भने तपाईंले आफ्नो क्षमताका आधारमा शिक्षा, सहयोग र हेरविचार पाउनुपर्छ ।

**धारा २४ : स्वास्थ्य सेवा र सुविधा**

तपाईंसँग गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकार छ । तपाईंको सफा पानी, पोसिलो खाना, स्वच्छ वातावरण र स्वास्थ्य शिक्षा पाउने अधिकार छ । यसका लागि धनी राष्ट्रले गरिब राष्ट्रलाई सहयोग गर्नुपर्छ ।

**धारा २५ : हेरचाहको आवधिक अवलोकन**

यदि तपाईं अभिभावकसँग नभई कुनै स्थानीय संस्थामा बस्दै आइरहनु भएको छ भने राज्यले बारम्बार तपाईंको अवस्था मूल्याङ्कन गर्न जरुरी हुन्छ ।

**धारा २६ : सामाजिक सुरक्षाबाट फाइदा**

समाजले तपाईंलाई सामाजिक सुरक्षा दिनुपर्छ । जस्तैः पोसिलो खाना, स्वास्थ्य, सुविधा, शिक्षा र समाज कल्याण । आवश्यकता हेरी राज्यले निम्न आर्थिकस्तर भएको परिवारलाई रकम उपलब्ध गराउनुपर्छ ।

**धारा २७ : जीवनयापनको न्यूनतम मापदण्ड**

तपाईं सही तवरले बाँच्न पाउनुपर्छ जसले तपाईंलाई सामाजिक, नैतिक, आध्यात्मिक र मानसिक रूपले विकास हुन सहयोग गर्छ । यसका लागि राज्यले निम्न स्तरका परिवारलाई मद्दत गर्नुपर्छ ।

**धारा २८ : शिक्षाको अधिकार**

शिक्षा पाउनु तपाईंको अधिकार हो । विद्यालयका अनुशासनहरू हाम्रो आत्मसम्मानमा ठेस नपुऱ्याउने खालको हुनुपर्छ । प्राथमिक शिक्षा निःशुल्क र सबैले पाएको हुनुपर्छ । यसका लागि गरिब राष्ट्रलाई धनीले सहयोग गर्नुपर्छ ।

**धारा २९ : शिक्षाको लक्ष्य**

शिक्षाले तपाईंको शारीरिक र मानसिक क्षमताका साथै व्यक्तित्व र प्रतिभाको विकास गर्नुपर्छ । यसले तपाईंको परिवार, स्वयं र देशको आदर गर्न सिकाउनुपर्छ । तपाईंलाई आफ्नो अधिकारबारे जान्ने अधिकार छ ।

**धारा ३० : अल्पसङ्ख्यक बालबालिका**

तपाईं अल्पसङ्ख्यक समुदायको भए पनि तपाईंसँग आफ्नो धर्म, संस्कृति र भाषा सिक्ने अधिकार छ । चाहे त्यो धेरै व्यक्तिले प्रयोग गर्ने वा जान्ने होस् वा नहोस् ।

**धारा ३१ : आराम, खेल र संस्कृति**

तपाईंलाई आराम गर्नुका साथै सिर्जनात्मक र सांस्कृतिक कार्यक्रममा भाग लिने अधिकार छ ।

**धारा ३२ : बालश्रम**

राज्यले तपाईंको स्वास्थ्य, शिक्षा र विकासमा हानि पुऱ्याउने र अरूको स्वार्थ पूरा गर्ने काम गर्नबाट बचाउनुपर्छ ।

**धारा ३३ : बालबालिका र लागूपदार्थ दुरूपयोग**

राज्यले बालबालिकालाई लागूपदार्थ प्रयोग, उत्पादन तथा बेचबिखन गर्नबाट बचाउनुपर्छ ।

**धारा ३४ : यौन शोषणबाट सुरक्षा**

राज्यले तपाईंलाई यौन शोषणबाट बचाउनुपर्छ ।

**धारा ३५ : बेचबिखन, अवैध ओसारपसार र अपहरणबाट संरक्षण**

राज्यले तपाईंलाई बेचबिखन, अपहरण र अवैध रूपबाट अरू देशमा लैजानबाट बचाउनुपर्छ ।

**धारा ३६ : सबै प्रकारको शोषणबाट सुरक्षा**

तपाईंले आफ्नो वृद्धि र विकासमा बाधा पुऱ्याउने सम्पूर्ण क्रियाकलापबाट सुरक्षा पाउनुपर्छ ।

**धारा ३७ : यातना, हिंस्रक व्यवहार र स्वतन्त्रताको हननबाट संरक्षण**

तपाईंबाट कुनै कानुन तोडिए पनि तपाईंमा हिंस्रक व्यवहार गरिनु हुँदैन । तपाईंलाई वयस्कहरू राख्ने जेलमा राख्नु हुँदैन र आफ्नो आमाबुबाको सम्पर्कमा बस्न पाउनुपर्छ ।

**धारा ३८ : सशस्त्र द्वन्द्वबाट प्रभावितले पाउने संरक्षण**

१५ वर्षभन्दा मुनिका (धेरैजसो युरोपेली राष्ट्रमा १८ वर्षमुनिका) बालबालिकालाई सशस्त्र सेना वा युद्धमा सहभागी गराउन पाइदैन । युद्ध भएको क्षेत्रका बालबालिकाले विशेष सुरक्षा पाउनुपर्छ ।

**धारा ३९ : पीडित बालबालिकालाई पुर्नस्थापना**

यदि तपाईं कुनै पनि शोषण, युद्ध, हेल्चेक्र्याइँको सिकार हुनुभएको छ वा तपाईंलाई जेलमा रखिएको थियो भने तपाईंको शारीरिक र मानसिक स्वास्थ्यका लागि विशेष ध्यान दिनुपर्छ । तपाईंले आफ्नो परिवारसँग पुनर्मिलन गर्न पाउनुपर्छ ।

**धारा ४० : न्याय तथा कानुन**

यदि तपाईंलाई कुनै पनि अधिकार उल्लङ्घनको आरोप लागे पनि सम्मानपूर्ण व्यवहार गरिनु पर्छ । तपाईंले कानुनी सहयोग लिन सक्नुहुनेछ र ठूलै अपराध गरेको भएमात्र कारावास सजाय पाउनुहुनेछ ।

**धारा ४१ : मानव अधिकारको उच्चतम् मापदण्डको सम्मान**

यदि महासन्धिभन्दा देशको कानुन राम्रो छ भने देशका त्यसलाई पालना गर्नुपर्छ ।

**धारा ४२ : यस महासन्धिको बृहत् प्रचारप्रसार र जानकारी**

राज्यले महासन्धिबारे सबै अभिभावक, सङ्गठन र बालबालिकालाई जानकारी दिनुपर्छ ।

**धारा ४३–५४ : राज्यको दायित्व**

यी धाराहरूमा कसरी सबै बालबालिकाले अधिकार पाएका छन् भनी सुनिश्चित गर्न राज्य र वयस्कले मिलेर काम गर्नुपर्छ भनी उल्लेख गरिएको छ ।

सहयोग :

unicef

वि. सं. २०७१ (सन् २०१४)

UNFPA